# सूचनाको हक सम्बन्धी ऐन २०६४ को दफा ५ उपदफा (३) बमोजिम हिमालयन एभरेष्ट ईन्स्योरेन्स् लि. संग सम्बन्धित आ. व. २०८०/८१ प्रथम त्रैमासिकको सूचना

**(साबिक हिमालयन जनरल ईन्स्योरेन्स कं. लि. र एभरेष्ट इन्स्योरेन्स कं. लि. एक आपसमा गाभिएर बनेको बीमा कम्पनी)**

१. **निकायको स्वरुप र प्रकृतिः** कम्पनी ऐन, २०६३ बमोजिम २०४५ साल मार्ग ४ गते नेपाल सरकार, उद्योग तथा वाणिज्य मन्त्रालय, वाणिज्य विभागमा दर्ता भई पब्लिक लिमिटेड कम्पनीको रूपमा स्थापना भएको हो। मिति २०५० श्रावण ६ गते नेपाल बीमा प्राधिकरणबाट निर्जीवन बीमा व्यवसाय गर्ने बीमकको प्रमाणपत्र पाई नेपाल सरकार, कम्पनी रजिष्ट्रारको कार्यालयबाट २०५० श्रावण १३ गते कारोबार सुरू गर्ने इजाजत पत्र प्राप्त गरी २०५० मार्ग १६ गतेदेखि निर्जीबन बीमाको कारोवार गर्दै आएका छौं। साविक हिमालयन जनरल ईन्स्योरेन्स कं. लि. र एभरेष्ट इन्स्योरेन्स कं. लि. एक आपसमा गाभिएर बनेको संस्था हिमालयन एभरेस्ट ईन्स्योरेन्स लिमिटेडको नामबाट २०७९ श्रावण १ गतेदेखि एकृकित कारोबार सुरू गरिएको छ।

२. **निकायको काम, कर्तब्य र अधिकारः** केन्द्रिय कार्यालय थापागाँउ, काठमाण्डौमा भएको यस कम्पनीले देशको विभिन्न स्थानमा गरी जम्मा ६९ वटा शाखा, ९ वटा उपशाखा, ३ तेस्रो पक्ष बीमा काउन्टरहरूबाट कम्पनीको प्रबन्धपत्र र नियमावलीको अधिनमा रही आफ्नो काम कर्तव्य र अधिकारहरू प्रयोग गरी निर्जीबन बीमा व्यवसाय संचालन गर्दै आएको छ।

३. **निकायमा रहने कर्मचारी संख्या र कार्य विवरणः** हाल यस कम्पनीमा स्थायी, अस्थायी र करार सेवामा समेत गरी ४०६ जना कर्मचारी कार्यरत छन्। आर्थिक प्रशासन सम्बन्धी विनियमावली, २०७९ तथा कर्मचारी नियमावली, २०७९ र बीमकको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०७५ बमोजिम कर्मचारीहरूको कार्य बिभाजन गरिदै आएको छ।

४. **निकायबाट प्रदान गरिने सेवाः** यस कम्पनीबाट बिभिन्न निर्जिबन बीमा सेवाहरू जस्तै सम्पत्ति, सामुद्रिक, मोटर, हबाई, इन्जिनियरिङ्ग, विविध, कृषी तथा पशु र लघुबीमा सेवा प्रदान गरिदै आएको छ।

५. **सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारीः** केन्द्रिय कार्यालय, थापागाँउको हकमा प्रमूख कार्यकारी अधिकृत, बरिष्ठ नायव कार्यकारी अधिकृत, नायव कार्यकारी अधिकृत र नायव महाप्रबन्धकहरू, विभागीय प्रमुखहरू र शाखा तथा उपशाखा कार्यालयहरूको लागि सम्बन्धित प्रमुखहरू जिम्मेवार हुनेछ।

६. **सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधिः** यस कम्पनीले गर्ने बीमाहरू नेपाल बीमा प्राधिकरणबाट जारी भएका निर्देशन बमोजिमको दर रेटमा र दर रेट नतोकिएका बीमाको हकमा अण्डरराईटिङ्ग बिभागबाट तोकिए बमोजिम वा पूनर्बिमकहरूबाट तोकिए बमोजिमका बीमाशुल्क भुक्तानी भएपछि तत्कालै बीमालेख उपलव्ध गराउने व्यवस्था गरिएको छ। दावीको हकमा सर्भेयरको प्रतिवेदन प्राप्त भएपछि वा आवश्यक न्यूनतम कागजात प्राप्त भएको २१ दिन भित्रमा भुक्तानी गरिने व्यवस्था छ।

आर्थिक प्रशासन सम्बन्धी विनियमावली तथा कर्मचारी नियमावली बमोजिम शाखा प्रमुख, विभागीय प्रमुख, नायव महाप्रबन्धक, नायव कार्यकारी प्रमुख, वरिष्ठ नायब कार्यकारी प्रमुख, तथा प्रमुख कार्यकारी अधिकृतलाई साङ्गठनिक स्वरूप अनुसार निर्णय गर्ने अधिकारी तोकिएको छ।

७. **निर्णय उपर उजुरी सुन्ने अधिकारीः** उजुरीको प्रकृति अनुसार शाखा प्रमुख, विभागीय प्रमुख, नायव महाप्रबन्धक, नायव कार्यकारी प्रमुख, वरिष्ठ नायव कार्यकारी प्रमुख, तथा प्रमुख कार्यकारी अधिकृतलाई निर्णय उपर उजुरी सुन्ने अधिकारी तोकिएको छ।

८. **सम्पादन गरेको कामको विवरणः** बीमा ऐन, २०७९ तथा नेपाल बीमा प्राधिकरणको निर्देशन र परिपत्र बमोजिम निर्जिवन बीमा सेवाका सम्पुर्ण सेवाहरू कम्पनीले सम्पादन गर्दै आएको छ।

९. **सूचना अधिकारी र प्रमुखको नाम एवं पदः**
सूचना अधिकारी (वरिष्ठ नायब कार्यकारी अधिकृत) को नामः श्री कमल गौतम मोबाईल नं. ९८५१०७७२०९
प्रमुख कार्यकारी अधिकृतः श्री विजय बहादुर शाह मोवाईल नं. ९८५१०१५७२९

१०. **ऐन, नियम, विनिमय वा निर्देशिकाको सूचीः** नेपाल सरकारहरूबाट लागु भएका सम्पूर्ण ऐन, नियम, बिनियम र निर्देशनहरू यस कम्पनीले पालना गर्दै देहाय बमोजिमका ऐन, नियम, बिनियम र निर्देशिकाहरू निर्जिबन बीमा व्यवसायको लागि प्रमुख रहेका छन्।
क) कम्पनी ऐन, २०६३ तथा कम्पनी नियमावली, २०६४
ख) बीमा ऐन, २०७९ तथा नियमावली, २०४९
ग) धितोपत्र ऐन, २०६३ तथा धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३
घ) मुलुकी देवानी संहिता, २०७४
ङ) सम्पत्ती शुद्धीकरण निबारण ऐन, २०६४ तथा सम्पत्ती शुद्धीकरण निबारण नियमावली, २०७३
च) नेपाल बीमा प्राधिकरणबाट जारी गरिएका सम्पूर्ण निर्देशनहरू तथा परिपत्रहरू
छ) सम्पत्ती सुद्धिकरण तथा आतंककारी कृयाकलापमा वित्तीय लगानी निर्देशिका, २०७४ तथा
ज) अण्डरराईटिङ्ग तथा दाबी सम्बन्धि म्यानुयलहरू, पूनर्बिमा नीति नेपाल बीमा प्राधिकरणवाट जारी गरिएका निर्देशन अनुसार, आर्थिक प्रशासन सम्बन्धी बिनियमावली, २०७९ तथा कर्मचारी नियमावली, २०७९

११. **आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी अध्यावधिक विवरणः** कम्पनीको आम्दानी खर्च वित्तयि अध्यावधिक विवरण त्रैमासिक रूपमा राष्ट्रिय स्तरको पत्रपत्रिकामा प्रकाशित हुदै आएको छ। साथै कम्पनीको वेभसाईट www.hei.com.np मा समेत उपलब्ध छ।

१२. **तोकिए बमोजिमका अन्य विवरणः** नभएको।

१३. **अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना संचालन गरेको भए सो को विवरणः**
यस कम्पनीबाट कर्मचारी तालिम, अभिकर्ता तालिम तथा अन्य संस्थागत सामाजिक उत्तरदायित्वका कार्यक्रमहरू गरिएको थियो।

१४. **सार्वजनिक निकायको वेभसाइट भए सो को विवरणः** www.hei.com.np

१५. **सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरणः** नभएको ।

१६. **सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएको वा हुने भएको भए सोको विवरणः**
त्रैमासिक वित्तीय विवरणहरू, कर्मचारी भर्ना सम्बन्धी सूचना, अभिकर्ता तालिम सम्बन्धी सूचना, नयाँ भबनमा आन्तरिक सजावट सम्बन्धी सूचना कम्पनीको वेवसाईटमा समेत राख्ने व्यवस्था गरिएको छ।

१७. **सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विवरणः** नभएको।


**हिमालयन एभरेष्ट**
इन्स्योरेन्स लिमिटेड

**केन्द्रीय कार्यालयः**
**वडा नं. १०, थापागाँउ, काठमाण्डौ, पो.ब.नं. १४८**
**फोन नं. ०१-५२४५०९०/५२४५०९६**
**फ्याक्स नं. ०१-५२४५०९९**